# पाणिनी गाउँपालिका
**Panini Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: 065-080
च.नं./Ref. No.:

## कवाडी ठेक्कासम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०२)

यस पाणिनी गाउँपालिका क्षेत्रभित्र सङ्कलन हुने कवाडी माल सामानमा लाग्ने कवाडी कर सङ्कलनसम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले यस गाउँपालिकाले तोकेको सर्तहरूको अधीनमा रही इच्छुक नेपाली नागरिक तथा फर्महरूले गोप्य सिलबन्दी ठेक्का प्रति गोटा रु १०००/- (अक्षरेपी एक हजार मात्र) मा फिर्ता नहुने गरी खरिद गरी तोकिएको म्याद भित्र सिलबन्दी गरी दरभाउपत्र पेस गर्नुहुन यो (७) सात दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्काको किसिम | कर तथा दस्तुर सङ्कलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | कवाडी मालसामान लाग्ने कर | पाणिनी गा.पा. का सम्पूर्ण वडाभित्र | ५०,०००/- | १,०००/- |

१. सिलबन्दी दरभाउपत्र खरिद गर्न इच्छुक दरभाउपत्रदाता फर्म/संस्थाले मु.अ.कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र तथा नेपाली नागरिकताको प्रमाणपत्र पेस गर्नु पर्नेछ र व्यक्तिगतको हकमा नेपाली नागरिकताको प्रमाणपत्र पेस गरी सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन कार्यालय समय भित्र कार्यालयबाट खरिद गरी ८ (आठ) औं दिनको १२:०० बजे भित्र दरभाउपत्र दर्ता गरिसक्नुपर्नेछ ।तोकिएको समय भित्र दर्ता भएका दरभाउपत्रहरू सोही दिनको १:०० बजे दर्ता दरभाउपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा. का प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. सिलबन्दी दरभाउपत्र स्वीकृत पश्चात आय ठेक्काको सम्झौता गर्ने समयमा कबोल अङ्कको १० प्रतिशत हुन आउने रकम धरौटी बापत् यस कार्यालयको ग्लोबल आई.एम.ई बैङ्कमा रहेको धरौटी खाता नं. ग३ **पाणिनी गाउँपालिका धरौटी खाता** M८०४०१००००००९ मा जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेस गरिसकेपछि मात्र सम्झौता गर्नुपर्नेछ ।

३. प्रचलित कानुन बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरू ठेकेदार स्वयंले तिर्नुपर्नेछ। स्वीकृत दरभाउपत्रदाताले कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र करसमेत बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुनेछ ।

४. आ.व. २०७९/०८० को लागि बिक्रीकर सङ्कलन मिति २०८० आषाढ मसान्तसम्म हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र स्वीकृत भइ सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाह वा माफी दिईने छैन् ।

६. कबोल अङ्कको रकम तीन किस्तामा बुझाउनु पर्नेछ । प्रथम किस्ता बापत कबोल अङ्कको ५० प्रतिशत रकम काम सुरुवात गर्दा, दोस्रो किस्ता बापतको कबोल अङ्कको २५ प्रतिशत रकम पौष मसान्तमा र बाँकी रकम चैत्र मसान्तभित्र कार्यालयको सञ्चित कोष खाता वा कार्यालयको राजश्व शाखामार्फत रकम जम्मा गरी सोको रसिद पेस गर्नुपर्नेछ । काम सुरुवात गर्दा एकमुस्ट रुपमा सम्पूर्ण रकम दाखिला गर्दा कबोल अङ्कको ५ प्रतिशत रकम छुट दिईनेछ ।

७. म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन् ।

८. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

९. यस गाउँपालिकाको सक्कल छाप र प्रमुख प्रशासकीय अधिकृतको दस्तखत नभएको दरभाउपत्र फारमलाई मान्यता दिइने छैन् ।

१०. यस सूचनामा उल्लिखित भएका कुरा यसै सूचनानुसार र उल्लेख नभएको कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत